आज मिति २०८३ असार १९ गते शुक्रबारका दिन दुहवी नगरपालिकाका नगर प्रमुख श्री वेदनारायण गच्छदारज्यूको अध्यक्षतामा नगरकार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको उपस्थितीमा तपसिलका विषयहरू माथि छलफल गरी निर्णय गरियो ।

उपस्थिती:

| सि.नं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | वेद नारायण गच्छदार | नगर प्रमुख | |
| २ | मेनुका पोखरेल खतिवडा | नगर उप-प्रमुख | |
| ३ | मो.अजुल हुसैन | वडा अध्यक्ष | |
| ४ | अरविन्द कुमार विश्वास | वडा अध्यक्ष | |
| ५ | माधव बहादुर भण्डारी | वडा अध्यक्ष | |
| ६ | मो.मस्तकी मिया | वडा अध्यक्ष | |
| ७ | रमेश रौनियार | वडा अध्यक्ष | |
| ८ | घनश्याम हलुवाई | वडा अध्यक्ष | |
| ९ | विजय कुमार चौधरी | वडा अध्यक्ष | |
| १० | तारिकचन्द सरदार | वडा अध्यक्ष | |
| ११ | मेहदी हुसेन | वडा अध्यक्ष | |
| १२ | तुलाराम माझी | वडा अध्यक्ष | |
| १३ | खड्गनारायण उराव | वडा अध्यक्ष | |
| १४ | रामचन्द्र चौधरी | वडा अध्यक्ष | |
| १५ | ललिता चौधरी | कार्यपालिका सदस्य | |
| १६ | बबिता देवी थरूनी | कार्यपालिका सदस्य | |
| १७ | सरिता कुमारी रिषिदेव | कार्यपालिका सदस्य | |
| १८ | ललिता सादा हरिजन | कार्यपालिका सदस्य | |
| १९ | मिना श्रेष्ठ | कार्यपालिका सदस्य | |
| २० | जयब्रत सरकार | कार्यपालिका सदस्य | |
| २१ | धर्मेन्द्र रिषिदेव | कार्यपालिका सदस्य | |
| २२ | सरिता मुसहर्नी | कार्यपालिका सदस्य | |
| २३ | सुवर्ण घिमिरे | प्र.प्र.अ. | |
| २४ | शिवनारायण चौधरी | सहयोगी | |
| २५ | प्रकाश कुमार साह तेली | सदस्य | |

आज मिति २०८३ असार १९ गते शुक्रबारका दिन दुहवी नगरपालिकाको नगर प्रमुख बेदनारायण गच्छदारज्यूको अध्यक्षतामा बसेको कार्यपालिका वैठकमा तपसिल बमोजिमको प्रस्तावहरु पारित गर्ने निर्णय गरियो ।

<u>प्रस्तावहरुः</u>

प्रस्ताव नं. १ - वार्षिक समिक्षा सम्बन्धमा ।
प्रस्ताव नं. २ - फोहोरमैला प्रशोधन केन्द्र र कृषि प्रशोधन केन्द्रको सम्झौता सम्बन्धमा ।
प्रस्ताव नं. ३ - जग्गा भाडा तथा सटर भाडा सम्बन्धमा ।
प्रस्ताव नं. ४ - PDA सम्झौता सम्बन्धमा ।
प्रस्ताव नं. ५ - नगर शिक्षा योजना स्वीकृत गर्ने सम्बन्धमा ।
प्रस्ताव नं. ६ - विविध ।

निर्णयहरुः

निर्णय नं. १ - प्रस्ताव नं १ माथि छलफल गर्दा यस नगरपालिकाको आ.व. २०८२/०८३ को वार्षिक योजना तथा कार्यक्रमको कार्यान्वयनस्तरको समीक्षाबाट प्राप्त सुझाव कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. २ - प्रस्ताव नं २ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं ४ स्थित निर्माणाधिन फोहोरमैला प्रशोधन केन्द्र तथा वडा नं. १० मा निर्मित कृषि प्रशोधन केन्द्रको प्रदेश लगानी प्राधिकरण मार्फत सार्वजनिक नीजि साझेदारी योजना विकास सम्झौता गर्ने नगरपालिकाको तर्फबाट नगर प्रमुख श्री बेदनारायण गच्छदार र प्राविधिक विकास शाखा प्रमुख महेश धिताललाई पठाउने निर्णय गरियो ।

निर्णय नं. ३ - प्रस्ताव नं ३ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं. ४ मा रहेको खेलकुद रंगशालामा अवस्थित सटर भाडामा लिएका व्यक्तिले सटर भाडा लामो समय सम्म नबुझाएको सटर खाली गर्न दिएको सूचना दिने र उक्त सटर भाडा बक्यौता नतिरेको व्यक्ति/संस्थाको भाडा असुल कानून बमोजिम गर्ने प्रकृया अघि बढाउने र खाली भएका सटरहरुलाई पुनःमुल्याङ्कन गरी बजार दर विश्लेषणका आधारमा नया दररेट निर्धारण गरी बढाबढमा भाडा लगाउने प्रकृया अघि बढाउने साथै भर्खर मात्रै सम्पन्न कृषि हाटबजारका सटर भाडा लगाउन राजश्व परामर्श समितिलाई दररेट निर्धारण गरी पेश गर्न निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ - प्रस्ताव नं ४ माथि छलफल गर्दा यस नगरपालिकाको आ.व. २०८२/०८३मा संचालित ठेक्काहरु समयमानै संचालन भई कार्य समेत सूचारु भैरहेकोमा केही ठेक्का(कालोपत्रे) विटुमिन तथा आवश्यक सामाग्री अभावले कार्य गर्न समस्या परेको ठेकेदार पक्षको निवेदन एवं वर्तमान विश्व परिवेशमा देखिएको द्वन्द लगायतका कारण संचालित ठेक्काहरु मध्ये नेपाल सरकारबाट प्राप्त सशर्त अनुदान, समपुरक अनुदान एवं प्रदेश सरकारबाट प्राप्त अनुदान रकमबाट संचित ठेक्काको म्याद प्रगति समिक्षाका आधारमा २०८३/०८/३० सम्म थप गरी संचालन गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ - प्रस्ताव नं ५ माथि छलफल गर्दा यस दुहवी नगरपालिकाको १० वर्षे नगर शिक्षा योजना (२०८३/०८४-२०९३/०९४) मस्यौदा निर्माण कार्यदलका सदस्यहरू तथा विज्ञहरूद्वारा दुहबी नगरपालिकाका जनप्रतिनाधिहरू, शाखाका प्रमुखहरू, कर्मचारीहरू, विद्यालयका प्र.अ., शिक्षकहरू, विशेष आवश्यकता भएका शिक्षकहरू, विद्यालय कर्मचारीहरू र स्थानीय बुद्धिजीवीहरू लगायतको सार्थक सहभागितामा तयार पारिएको यस नगरपालिकाको "नगर शिक्षा योजना (२०८३/०८४-२०९३/०९४)" स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ - विविध

निर्णय नं. क - प्रस्ताव नं क माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं. १० मा मुल सडकमा लागिरहेको हाटबजारलाई दुर्घटना सुरक्षाको दृष्टिले स्थानान्तरण गर्ने भनी ०-१२-१४-० कट्ठा जग्गा भाडामा लिएकोमा सो स्थापना समेत हाटबजार सानै अवरोध उत्पन्न भएकोले निज जग्गाधनी असारी थरुनीको अन्नबाली क्षितपूर्ति मुल्याङ्कन गरी ठेक्का रद्द गर्न र क्षितपूर्ति सहायता उपलब्ध गराउन कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ख - प्रस्ताव नं ख माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं. ४ स्थित कृषि हाटबजार पार्किङ शुल्को आन्तरिक ठेक्का रु. १ लाखमा न्युनतम दररेट राखी सूचना प्रकाशन गर्दा कोही निवेदन नभएकोले उक्त मुल्यमा २० प्रतिशत घटी गरी पुनःठेक्का बन्दोबस्त गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।